


# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार

देशको आर्थिक सामाजिक विकासमा ४६ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष १९ अंक १ श्रावण–भाद्र २०६८ Year 19 Vol 1 Aug. -sept. 2011

## प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेद्वारा पदभार ग्रहण

२७ साउन काठमाडौ

नेपाल सरकार अर्थ मन्त्रालयको मिति ०६८।४।२४ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनुभएकी शिवादेवी काफलेले केन्द्रीय कार्यालयमा आयोजित एक संक्षिप्त समारोहका बीच कार्यभार ग्रहण गर्नुभयो । सो समारोहमा रावावैंक संचालक समितिका अध्यक्ष रामप्रसाद अधिकारी, नायव महाप्रवन्धकद्वय कृष्णप्रसाद शर्मा र ज्योतिचन्द्र ओझा, विभागीय प्रमुखहरू, कम्पनी सचिव लगायतका महानुभावको समुपस्थिति रहेको थियो ।

मार्च २१, १९५४ मा तनहुँसुर, तनहुँ (नेपाल) मा जन्मनुभएकी शिवादेवी काफ्लेले एम.ए. (अर्थशास्त्र, त्रि.वि.वि) र एम.फिल. (मौद्रिक अर्थशास्त्र, यूनिभर्सिटि अफ ग्लास्गो, यू.के.) को उपाधी हासिल गर्नुभएको छ । नेपाल राष्ट्र वैंक अनुसन्धान विभागको निर्देशकबाट सेवा निवृत्त हुनुभएकी काफ्लेले सेवाकालमा नेपाल राष्ट्र वैंक राष्ट्र ऋण विभाग तथा नियमन विभागको कार्यानुभव संगाल्नुभएको छ । महेन्द्र रत्न क्याम्पसमा सहायक प्राध्यापकको अनुभव संगाल्नुभएकी श्रीमती काफ्लेले सन् २००४ देखि सन २०१० सम्म नेपालको सार्क फाईनान्स कोअर्डिनेटरको भूमिका समेत निर्वाह गर्नुभएको थियो । उहाँले विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गोष्ठी तथा सेमिनारमा कार्यपत्र प्रस्तोता र विभिन्न तालीम कार्यक्रममा रिसोर्स पर्सनको अनुभव संगाल्नुभएको छ । मिति २०६८ बैशाख ६ देखि राबाबैंक संचालक समितिमा विशेषज्ञ संचालकको जिम्मेवारी वहन गर्दै आउनुभएकी श्रीमती काफ्ले राष्ट्रिय बाणिज्य बैंकको इतिहासमा प्रथम महिला प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।



शिवादेवी काफ्ले

## यस अंकमा


- रू ५७ लाख ठग्ने योजना रावावैंकद्वारा निष्फल
- प्रवन्धकस्तरीय तालीमहरू..................
- सरकारी कारोवार सम्वन्धी तालीमहरू........
- रावावैंक र एमटिए बीच संझौता
- सरूवा,तालीम ,विभागीय कारवाही, समवेदना
- साथमा यूनियन गतिविधि लगायतका सामग्री




बन्दिपुरमा आयोजित सरकारी कारोवार सम्बन्धी तालिममा सहभागीहरू

## राष्ट्रिय वाणिज्य वैंक : गत वर्षको मुनाफा १ अरव ७६ करोड

राष्ट्रिय वाणिज्य वैंकले आर्थिक वर्ष ०६७०६८ मा १ अरव ७५ करोड ९३ लाख खुद मुनाफा आर्जन गरेको छ । यस अवधिमा बैंकको निक्षेप गत वर्षको यसै अवधिको तुलनामा ५.७ प्रतिशतले बढी ७३ अरव ९२ करोड पुगेको छ भने कर्जा तथा सापट गत वर्षको यसै अवधिको तुलनामा १.२१ प्रतिशतले बढी ३६ अरव ८७ करोड पुगेको छ । यस बैंकद्वारा प्रवाहित कुल कर्जा र निष्कृय कर्जा अनुपात ११.३३ प्रतिशत रहेको छ ।

पूर्ण सरकारी स्वामित्वमा संचालित यस राष्ट्रिय वाणिज्य बैंकका हिमाल पहाड तराईमा १२८ शाखाको कार्यसंजाल रहेको छ । १२८ वटै शाखा कार्यालय कम्प्युटराईज्ड रहेको यस बैंकका १२६ शाखाबाट निःशुल्क कुनै पनि शाखा बैकिंग सेवा ( एनीब्रान्च बैकिंग सेवा) उपलव्ध छ भने ३० स्थानबाट एटिएम सेवा उपलव्ध छ ।



महालक्ष्मीको अभिवादन : शाखा कार्यालय बेलटारमा महालक्ष्मी खाता खोल्ने ग्राहकहरू

## सम्पादकीय

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले हालै शाखा प्रवन्धकहरू सम्मिलित एक समारोहमा सरकारी बैंक भएको कारणले सर्वसाधारण नेपाली जनताको राष्ट्रिय वाणिज्य बैंकप्रति रहेको अपार विश्वास र स्नेहको जगेर्ना गर्नुपर्ने आवश्यकता औल्याउनुभएको छ । यसैगरि बैंकका नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले राष्ट्रिय वाणिज्य वैंक केही वर्षयता प्रतिष्पर्धाको दौडमा सामेल हुंदैआएकोमा अव केही रोकिएर स्वनिरीक्षण गर्दै नयां वाटो र गन्तव्य पहिल्याउनुपर्ने आवश्यकता रहेको वताउनुभएको छ । यथार्थमा पूर्ण सरकारी बैंक भएकोले जनअपेक्षाको सम्मान गर्दै गुणस्तरीय सेवा सुविधा प्रवाहमा नमुना बैंक बन्ने अभिभारा रावावैकमा छ भने जीवन्तताको लागि अन्धाधुन्ध श्रृंगारिक प्रतिष्पर्धा होईन कि शालीन उत्पादनशील प्रतिष्पर्धात्मक संस्कारको जग बसाउने जिम्मा पनि रावावैंककै कांधमा छ। वास्तवमै वैंक व्यवस्थापनको शीर्ष तहबाट अभिव्यक्त यी धारणाहरू गंभीर, मननीय र अनुकरणीय छन् । राष्ट्रिय वाणिज्य बैकका आगामी कदमहरू बैंकसामु रहेका यिनै गुरूत्तर जिम्मेवारी वहनको दिशामा उन्मुख हुनेछन् ।

**राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध**

**यस समाचारमा प्रकाशनार्थ कार्यक्रम विवरण, तस्वीर लगायतका सूचना सामग्रीहरु कार्यक्रम सम्पन्न भएको तीन दिनभित्र तलको ठेगानामा पठाई सहयोग गर्नुहुन यस बैंकका सम्पूर्ण विभाग, कार्यालय तथा तीनवटै यूनियनहरुलाई अनुरोध छ ।**

**सम्पादक**

**राष्ट्रिय वाणिज्य बैंक समाचार**

**राष्ट्रिय वाणिज्य बैंक**

**केन्द्रीय कार्यालय**

**सामान्य सेवा विभाग**

**सिंहदरवार प्लाजा काठमाडौं, ईमेल : rbbnl@rbb.com.np**

**फ्याक्स : ४२४९५६५**

## एण्डेक्स मनि एक्सपो २०११ मा रावावैंकको सहभागिता

भाद्र २८ काठमाडौं

नेपालमै पहिलोपटक आयोजित वित्तिय क्षेत्रसम्वन्धी वृहत प्रदर्शनीमा रावावैकले स्टल मार्फत सहभागिता जनायो । आर्थिक अभियान दैनिकको प्रस्तुती ज्याम टेक्लोलोजीज्को आयोजना र नेपाल डेरिभेटिभ एक्सचेन्ज (एण्डेक्स) को मुख्य प्रायोजनमा आयोजित उक्त त्रिदिवशीय मेलाको अर्थमन्त्री वर्षमान पुनले एक समारोहका वीच समुद्घाटन गर्नुभयो । **सो अवसरमा अर्थमन्त्री वर्षमान पुनले देशमा लगानी मैत्री वातावरण तयार पार्न**




**तथा उच्च आर्थिक बृद्धि हासिल गर्न राजनैतिक स्थिरताको आवश्यकतामा जोड दिंदै त्यस दिशामा सरकारको प्रयास रहने प्रतिवद्धता प्रकट गर्नुभयो ।**

उक्त समारोहमा नेपाल राष्ट्र बैंकका गभर्नर युवराज खतिवडा, नेपाल चेम्वर अफ कमर्सका अध्यक्ष सुरेश वस्नेत, वीमा समितिका अध्यक्ष फत्त बहादुर के.सि. एक्सपोका अध्यक्ष मदन लम्साल,एण्डेक्सका अध्यक्ष सन्तोष प्रधान लगायतका वक्ताले एक्सपोका विविध पक्षमा मन्तव्य दिनुभएको थियो । एक्सपोमा रावावैंक लगायत विभिन्न क्षेत्रका ८० वटा स्टल रहेका छन् ।



नव नियुक्त कर्मचारी शपथ ग्रहणको एक झलक

## रावावैकका १२६ शाखा कार्यालय एविविएस संजालमा शाखा तथा एविविएस संजालमा ठूलो रावावैंक

राष्ट्रिय वाणिज्य बैंकका कुल १२८ शाखा कार्यालय कुनै पनि शाखा पध्दति ( एनि ब्रान्च बैकिंग सिस्टम अर्थात एविविएस ) संजालमा आवध्द भएका छन् । यो सेवा उपलव्ध भएका शाखाबाट ग्राहकले यस बैंकको एविविएस सेवा उपलव्ध कुनै पनि शाखामा रहेको खातामा नगद जम्मा गर्न र एविविएस सेवा उपलव्ध शाखामा रहेको खाताबाट रकम झिक्ने सुविधा प्राप्त गर्दछन् । बैंकका कुल १२८ शाखामध्ये शाखा कार्यालय डडेलधुरा ,वैतडी र दार्चुला, मान्म र भच्चेक लगायतका शाखा हालै एविविएस सेवामा आवध्द भएपछि एविविएस संजालमा आवध्द हुने रावावैंकको शाखा संख्या १२६ पुगेको हो । विजया दशमी पूर्व यस बैंकका सबै शाखाहरूलाई एविविएस संजालमा ल्याउने कार्यक्रम रहेको छ। १२८ वटा शाखा कार्यालय रहेको राष्ट्रिय वाणिज्य बैंकका हालसम्म १२६ शाखाहरू एविविएस संजालमा

*बाँकी अन्तिम पृष्ठमा*

# राष्ट्रिय वाणिज्य वैंक: दोश्रो चरणको प्रवन्धकस्तरीय तालीम कार्यक्रम आयोजना

२२ साउन थापाथली

राष्ट्रिय वाणिज्य वैंक तालीम तथा विकास विभागको आयोजनामा बैकका विभिन्न २५ शाखा कार्यालयका प्रवन्धकहरूको सहभागितामा आयोजित दोश्रो चरणको सप्ताहव्यापी प्रवन्धक स्तरीय कम्प्रिहेन्सिभ तालीम कार्यक्रम सम्पन्न भयो । परिवर्तित परिवेशमा शाखा प्रवन्धकहरूको नेतृत्व एवं व्यस्थापकीय क्षमता अभिवृध्दि गरि वैंकको समग्र कार्यदक्षतामा सुधार ल्याउने उध्देश्यले आयोजित उक्त तालीम कार्यक्रमको शुभारम्भ समारोहमा बैंकका अध्यक्ष तथा प्रवन्ध संचालक रामप्रसाद अधिकारीले विगतमा अप्ठेरो स्थितिमा रहेको वैंकलाई हालका वर्षहरूमा अग्रगतिमा लैजान शाखा प्रवन्धकहरूले निर्वाह गरेको भूमिका सराहनीय रहेको वताउँदै देशका दुर्गम सुगम स्थानमा रही जन सेवा र बैंकको मुनाफा आर्जनमा



महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रवन्धकहरूले हीनतावोध र आक्रामकता दुवै परित्याग गरी सन्तुलित मध्यमार्गमा सकारात्मक दृष्टिकोणका साथ उत्शाहपूर्ण ढंगले अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सोही समारोहमा बैंकका नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले हालको जटिल वित्तिय परिवेशमा पनि रावावैंको तरलता र मुनाफा स्थिति ,निक्षेप कर्जा लगायतका समग्र कारोवार सन्तोषजनक रही वैकले वजारमा सवल र स्थीर संस्थाको पहिचान प्रस्तुत गर्न सकेकोमा सन्तोष प्रकट गर्दै आगामी दिनमा समेत केही वर्षयता जारी सुधारका उपलब्धिलाई दिगो बनाउन प्रवन्धकहरूले ध्यान केन्द्रित गर्नुपर्ने वताउनुभयो । चालु आर्थिक



वर्षमा समेत बैंकले वृध्दिउन्मुख कारोवारमा जोड दिने कार्यनीति अवलम्वन गर्दै निक्षेप रू ७४ अरव तथा कर्जा रू ४० अरवसम्म विस्तार गर्ने लक्ष लिएको उद्घोषसहित नायव महाप्रवन्धक श्री शर्माले प्रवन्धकहरूको ज्ञान अभिवृध्दि गरि उनीहरूमा व्यवसायिक नेतृत्व क्षमता अभिवृध्दि गर्न उक्त तालीम कार्यक्रमले महत्वपूर्ण योगदान पुरयाउने अपेक्षा प्रकट गर्नुभयो ।

राष्ट्रिय वाणिज्य वैक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीको स्वागत मन्तव्य र लेखा अधिकृत शिवराम पौडेलको संचालनमा बैंककै सभाकक्षमा सम्पन्न उक्त शुभारम्भ समारोहमा ट्रेनिंग इन्स्टिच्यूट फर टेक्निकल इन्स्ट्रक्सन (टिआईटिआई) का प्रशिक्षक दुर्गाप्रसाद लामिछाने लगायतका वक्ताले तालीम कार्यक्रमको उपादेयतावारे मन्तव्य दिनुभएको थियो । उक्त तालीम कार्यक्रममा राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय भोटाहिटी,वालाजु,थापाथली,नक्साल,धादिंग,



गजुरी,ठमेल,गौशाला,वानेश्वर,भैरहवा,कुश्मा,वाग्लुंग,परासी,जनकपुर,पिडारीचोक, वरगाछी,विर्तामोड,धरान,भद्रपुर,लाहान,महेन्द्रनगर,गुलरिया,सुर्खेत,डडेलधुरा र सिन्धुलीका शाखा प्रवन्धकहरूको सहभागिता रहेको छ ।

उक्त तालीम कार्यक्रममा सर्वश्री कृष्णप्रसाद शर्मा,प्रकाश कुमार ढुंगाना, ज्योतिचन्द्र ओझा ,दुर्गाप्रसाद लामिछाने ,राजु अधिकारी , भेषराज पन्थी, भुपेन्द्र पाण्डे,नरेश अर्याल,एम.चिपालु,केशव लम्साल,कविराज अधिकारी,शिव अधिकारी,हरि नेपाल,रामचन्द्र सुवेदी,कपिल ज्ञवाली, सन्तोष पाण्डे लगायतका प्रशिक्षकहरूले प्रशिक्षण दिनुभएको थियो ।

यसैगरि साउन २२ गते आरम्भ भई साउन २७ गते सम्पन्न उक्त तालीमको समापन समारोहमा रावावैंक संचालक समितिका अध्यक्ष रामप्रसाद अधिकारीले समापन मन्तव्य दिनुभएको थियो । सो समारोहमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले आफूले रावावैंकमा निष्पक्ष व्यवस्थापन दिने वताउँदै आफू संस्थाको हीत प्रवर्ध्दनमा सक्रिय



रहने प्रतिवध्दता प्रकट गर्नुभयो । तालीम तथा विकास विभागका लेखा अधिकृत शिवराम पौडेलको संचालनमा बैकका नामप्रत्रय कृष्णप्रसाद शर्मा, प्रकाश कुमार ढुंगाना र ज्योतिचन्द्र ओझाको समुपस्थिति रहेको उक्त समारोहमा सहभागीको तर्फबाट शाखा कार्यालय वानेश्वरका प्रवन्धक भक्त बहादुर कार्कीले मन्तव्य दिनुभएको थियो ।

## राष्ट्रिय वाणिज्य वैंक : तेश्रो चरणको प्रवन्धकस्तरीय तालीम

भदौ १९ थापाथली

राष्ट्रिय वाणिज्य वैक तालीम तथा विकास विभागको आयोजनामा शाखा प्रवन्धकहरूको क्षमता अभिवृध्दि गर्ने उध्देश्यले आयोजित सप्ताहव्यापी कम्प्रिहेन्सिभ तालीम कार्यक्रमको वैंकका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले एक समारोहका बीच शुभारम्भ गर्नुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत काफ्लेले राष्ट्रिय वाणिज्य बैंक पूर्ण सरकारी बैंक भएको कारणले जनस्तरबाट प्राप्त हुँदैआएको अपार विश्वास ,स्नेह र सद्भावको जगेर्ना गर्नुपर्ने आवश्यकतामा जोड दिंदै राष्ट्रिय अर्थतन्त्र जटिल परिवेशवाट विभिन्न चुनौतीवीच गुज्रिरहेको वखत रावावैंकका शाखा प्रवन्धकहरू सुझवुझपूर्ण ढंगले श्रोत परिचालनमा चनाखो हुनुपर्ने वताउनुभयो । सो अवसरमा बैंकका नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले राष्ट्रिय वाणिज्य वैंक विगत केही वर्षयता प्रतिष्पर्धाको दौडमा सामेल भएकोमा अव केही रोकिएर स्वनिरीक्षण गर्दै नयां वाटो

पहिल्याउने स्थितिमा आईपुगेको वताउँदै राष्ट्रिय वाणिज्य बैंकका शाखा प्रवन्धकहरू निक्षेप , कर्जा , तरलता आदिमा निहित जोखीम व्यवस्थापनमा अत्यन्त सजग र खोजमूलक हुनुपर्ने वताउनुभयो । सो समारोहमा तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीले स्वागत मन्तव्य दिनुभएको थियो ।

तेश्रो चरणमा २७ शाखा प्रवन्धकको सहभागितामा संचालित उक्त तालीम कार्यक्रमको शुभारम्भ समारोहमा रावावैंकका नायव महाप्रवन्धकद्वय प्रकाश कुमार ढुंगाना र ज्योतिचन्द्र ओझा,सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली लगायतका महानुभावको समुपस्थिति रहेको थियो ।

यसैगरि सो तालीमको समापन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत शिवा देवी काफ्लेले सहभागी शाखा प्रवन्धकबाट शाखाका कमी कमजोरी सुधारमा प्रभावकारी पहल हुने अपेक्षा दोहराउनुभयो । बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले यस बैंकका कर्मचारीले परिवर्तित समय अनुरूप ग्राहकसंगको व्यवहारमा परिमार्जन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । नायव महाप्रवन्धकद्वय कृष्णप्रसाद शर्मा र प्रकाश कुमार ढुंगानाको समुपस्थिति रहेको सो समारोहमा सहभागीको तर्फबाट शाखा कार्यालय महाराजगन्जका प्रवन्धक शालिकराम वाग्लेले मन्तव्य दिनुभएको थियो । तालीम तथा विकास विभागका लेखा अधिकृत राजेन्द्र आचार्यको संयोजनमा संचालित उक्त तालीम कार्यक्रममा शाखा कार्यालय ठिमी, महाराजगंज, टेकु, मैतीदेवी, विदुर, चरिकोट, मन्थली,वनेपा,कावासोती,वर्दघाट,गोरखा,वेशिसहर,तौलीहवा,जलेश्वर,श्रीपुर, गौर,निजगढ,दमक,देवकोटाचोक,वेलवारी,कटारी,मिर्चैया,दार्चुला,तुलसिपुर,जुम्ला,कोहल्पुर र मंगलसेनका शाखा प्रवन्धकको सहभागिता थियो ।



## मानव संशाधन स्तम्भ

### तालीम विदेश

यस बैंकको केन्द्रीय कार्यालय ट्रेजरी विभागका प्रमुख केशव प्रसाद लम्सालले जुन २० देखि जुन २४ सन २०११ मा श्रीलंकाको राजधानी कोलम्वोमा संचालित ट्रेजरी एण्ड फरेन एक्सचेन्ज अपरेसन सम्वन्धि तालीम कार्यक्रममा सफलतापूर्वक भाग लिनुभयो ।

### सरूवा

मिति २०६८।१।७ देखि २०६८।५।१ सम्म कर्मचारी सरुवाको विवरण

| पद | नाम,थर | क.नं. | साविक कार्यालय | हालको कार्यालय |
|---|---|---|---|---|
| स.ले.अ. | श्री वेद प्रसाद आचार्य | ११०६५ | वित्त बिभाग | सुचना प्रणाली बिभाग |
| स.ले.अ. | श्री चन्दन पौडेल | ५२५३ | वित्त बिभाग | सुचना प्रणाली बिभाग |
| मुख्य अधिकृत | श्री गोपाल चन्द्र शर्मा | ६३८३ | मा.सं.विभाग | कर्जा बिभाग |
| मुख्य अधिकृत | श्री राम चन्द्र सुवेदी | ६३८२ | तालिम तथा वि.बिभाग | मा.सं.बिभाग |
| सहायक पांचौ | श्री अर्जुन भट्टराई | १०२९२ | शा.का.विर्तामोड | शा.का. गजुरी |
| नगद सहायक | श्री कृष्णपाल सिंह | ११०१५ | शा.का.मंगलसेन | शा.का. धनगढी |
| सहायक चौथो | श्री जगती रोकाय | ८६७८ | शा.का.धनगढी | शा.का.मंगलसेन |
| सहायक पांचौ | श्री चेत वहादुर शाह | ४७२९ | क्षे.का.नेपालगंज | शा.का. कोहलपूर |
| प्रवन्धक | श्री जग जिवन राम श्रेष्ठ | १०११५ | शा.का.हेटौडा | क्षे.का. पोखरा |
| स.प्रवन्धक | श्री उत्तम प्रसाद तिम्सिना | १००१६ | शा.का.थापाथली | शा.का. हेटौडा |
| सहायक पांचौ | श्री दामोदर प्रसाद गौतम | ६६६८ | शा.का.धूलिखेल | शा.का.भोटाहिटी |
| ले.अ. | श्री देवेन्द्र वजगाई | ९९४२ | मू.शा.का.काठ | शा.का.थापाथली |
| स.चौथो | श्री केशव राज दाहाल | ४३८६ | क्षे.का.विराटनगर | शा.का.सुख्खावन्दरगाह विराट |
| नगद सहायक | श्री सरस्वती पाण्डे | ३६७७ | शा.का.सूख्खावन्दरगाह विराट | क्षे.का.विराटनगर |
| स.ले.अ. | श्री कृष्ण प्रसाद पौडेल | ११०७२ | शा.का.किर्तिपूर | शा.का.थापाथली |
| ना.मु.अ. | श्री सतीस राज भट्टराई | ८०७१ | व्रान्च अ.बिभाग | वित्त बिभाग |
| ले.अ. | श्री पवन रेग्मी | १११७० | वजेट तथा यो.महाशाखा | कर्जा बिभाग |
| स.पांचौ | श्री ओम हरि गुरागाई | ९२७० | शा.का.थापाथली | वित्त बिभाग |
| स.प्रवन्धक | श्री दामोदर ज्ञवाली | ११२१३ | शा.का.पूल्चोक | ट्रेजरी बिभाग |
| उप प्रमुख | श्री शशि आचार्य | ९५०२ | व्रान्च अ.बिभाग | मा.सं.विभाग |
| स.प्रवन्धक | श्री यादव भेटवाल | ८०५८ | मू.शा.का. काठ | व्रान्च अ.बिभाग |
| स.मु.अ | श्री महेन्द्र अवस्थी | १०७७३ | क्षे.का.नेपालगंज | मू.शा.का. काठ |
| ना.मु.अ | श्री बालकृष्ण घिमिरे | ९६५६ | शा.का.थापाथली | व्रान्च अ.बिभाग |
| ना.मु.अ | श्री ध्रुब भण्डारी | ९५४८ | शा.का. नक्साल | शा.का. थापाथली |
| ना.मु.अ | श्री कृष्ण प्रसाद वास्कोटा | ९४९६ | मू.शा.का. काठ | शा.का. नक्साल |
| चा.ए. | श्री अन्जना के.सी | ११४७८ | कर्जा बिभाग | वित्त बिभाग |
| चा.ए. | श्री ध्रुव अधिकारी | ११४८० | अ.शा.हि.मि. बिभाग | कर्जा बिभाग |
| स.ले.अ. | श्री दिपक कुमार घिमिरे | ६१०४ | शा.का.देवकोटाचोक | शा.का.सुख्खावन्दरगाह विराट |
| स.चौथो | श्री सुशिल कुमार शाह | १०९०२ | शा.का जलेश्वर | शा.का. वर्दिवास |
| स.चौथो | श्री धन वहादुर के.सी | ९६१४ | शा.का.धनूषामहेन्द्रनगर | शा.का. लालवन्दी |
| स.पांचौ | श्री राम स्वार्थ शाह | १०२५४ | शा.का.पिडारीचोक | शा.का.धनुषामहेन्द्रनगर |
| स.ले.अ. | श्री मोहन प्रसाद श्रेष्ठ | ४५९७ | क्षे.का.विराटनगर | आ.ले.प.बिभाग |
| स.ले.अ. | श्री हुम प्रसाद अधिकारी | ९४८५ | सुचना प्रणाली बिभाग | आ.ले.प.बिभाग |
| स.पाचौ | श्री ठाकुर नाथ कोइराला | ५२६० | शाखा कार्यालय, दमक | शाखा कार्यालय, शिवगंज |
| स.ले.अ. | श्री बिष्णु प्रसाद निरौला | ११०९९ | शाखा कार्यालय, इटहरी | शाखा कार्यालय, शिवगंज |
| स.चौथो | श्री हरि कृष्ण श्रेष्ठ | ८८४६ | शाखा कार्यालय, बिर्तामोड | शाखा कार्यालय, शिवगंज |
| स.चौथो | श्री बिनोद कुमार श्रेष्ठ | ७३५५ | शाखा कार्यालय, उर्लावारी | शाखा कार्यालय, पथरी |
| स.पांचौ | श्री पूर्ण वहादुर सिटौला | ६३५७ | शाखा कार्यालय, बेलवारी | शाखा कार्यालय, पथरी |
| स.ले.अ. | श्री खड्ग नारायण श्रेष्ठ | ३९९७ | शाखा कार्यालय, हिले | शाखा कार्यालय, पथरी |
| स.ले.अ. | श्री ऋषिकेश उपाध्याय | ८८०६ | शाखा कार्यालय, देवकोटाचोक | शाखा कार्यालय, हिले |

# सरकारी कारोवार सम्बन्धी तालीम सम्पन्न

साउन १५ **वन्दिपुर**

राष्ट्रिय वाणिज्य वैंकको राजस्व, निकाशा, पेन्सन,सरकारी अड्डाखाना खाता लगायतका सरकारी कारोवार सम्वन्धी सेवामा चुस्तता र प्रभावकारिता अभिवृध्दि गर्ने उध्देश्यले आयोजित दुई दिवशीय तालीम कार्यक्रम हालै तनहुंको वन्दिपुरमा सम्पन्न भयो । राष्ट्रिय वाणिज्य वैंक केन्द्रीय कार्यालय वित्त विभाग र तालीम तथा विकास विभागको संयुक्त आयोजनामा तनहुंको वन्दिपुरस्थित होटल माउन्ट भिउमा आवाशीय रूपमा संचालित उक्त तालीम कार्यक्रमको समापन समारोहमा राष्ट्रिय वाणिज्य वैंक संचालक समितिका अध्यक्ष तथा प्रवन्ध संचालक रामप्रसाद अधिकारीले सहभागीहरूलाई निर्देशन मन्तव्य दिनुभयो । सो अवसरमा अध्यक्ष तथा प्रवन्ध संचालक श्री अधिकारीले राष्ट्रिय वाणिज्य वैंकले विगत केही वर्षयता हासिल गर्दैआएको उपलब्धि सन्तोषजनक रहेको वताउदै यसको छवि सम्वर्ध्दन निम्ति अझै धेरै काम गर्न बांकी रहेको वताउनुभयो । बैंकको सुधारलाई कमिक रूपमा अघि बढाउन सम्पूर्ण कर्मचारीहरूमा जवाफदेहिता र जिम्मेवारीवोधको आवश्यकता रहेको वताउंदै अध्यक्ष श्री अधिकारीले राष्ट्रिय वाणिज्य वैंकको सेवा प्रवाह र मुनाफा आर्जनको दृष्टिकोणले महत्वपूर्ण योगदान दिईरहेका शाखा कार्यालयहरूले आफूउपर रहेको गहनतम जिम्मेवारी सकियतापूर्वक निर्वाह गर्नुपर्ने वताउनुभयो ।

सो अवसरमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले देशकै ठूलो र पूर्ण सरकारी राष्ट्रिय वाणिज्य वैंकले देशको वर्तमान वित्तिय परिवेशलाई मनन् गरी सुझवुझपूर्ण ढंगले अघि बढ्नुपर्ने आवश्यकता रहेको वताउंदै ग्राहक सेवा अभिवृध्दि लगायत बैंकको समग्र कार्यदक्षतामा सुधार निम्ति भौतिक तथा मानव श्रोतको समुचित व्यवस्थापनमा जोड दिईने वताउनुभयो । राष्ट्रिय वाणिज्य वैंक सूचना प्रविधि विभागका प्रमुख कपिल ज्ञवालीले शाखा संजाल, एविविएस संजाल,मुनाफा लगायतका आधारमा देशकै ठूलो वैकको रूपमा रहेको यस बैंकलाई असल र योग्यतम बैंकसमेत बनाउने दिशामा हाम्रा प्रयत्नहरू केन्द्रित हुनुपर्ने वताउनुभयो । तालीम तथा विकास विभागका लेखा अधिकृत शिवराम पौडेलको संचालनमा सम्पन्न उक्त समारोहमा वित्त विभागका उपप्रमुख सरस्वती अधिकारी, राष्ट्रिय वाणिज्य वैंक समाचारका सम्पादक मुकुन्द अर्याल र सहभागीहरूका तर्फबाट शाखा कार्यालय त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका श्याम सुन्दर अधिकारीले मन्तव्य दिनुभएको थियो ।

यसअघि तालीम कार्यक्रमको शुभारम्भ समारोहमा रावावैंक केन्द्रीय कार्यालय सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली ,वित्त विभागका उपप्रमुख सरस्वती अधिकारी ,नेपाल राष्ट बैंकका सहायक निर्देशक भुपेन्द्र कुमार श्रेष्ठ लगायतका वक्ताहरूले तालीम कार्यक्रमबारे मन्तव्य दिनुभएको थियो । राष्ट्रिय वाणिज्य वैंक समाचारका सम्पादक मुकुन्द अर्यालको संचालनमा तालीम तथा विकास विभागका लेखा अधिकृत शिवराम पौडेलको स्वागत मन्तव्यबाट आरम्भ भएको उक्त समारोहमा सूचना प्रविधि विभागका कम्प्युटर विशेषज्ञ सुमन श्रेष्ठको समेत समुपस्थिति रहेको थियो ।

उक्त तालीम कार्यक्रममा काठमाडौ,वीरगन्ज र पोखरा क्षेत्रका राष्ट्रिय वाणिज्य वैंकका विभिन्न ३२ शाखा कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो । स्मरण रहोस देशभर नेपाल राष्ट्र वैंकका ८ र अन्य बैंकका ११५ शाखाबाट सरकारी कारोवार संचालन हुदैआएकोमा सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य वैंकका शाखाकोमात्र संख्या ६५ रहेको छ ।

साउन १७ , **नेपालगन्ज**

यसैगरि नेपालगंज क्षेत्रका २१ शाखाको सहभागितामा आयोजित सरकारी कारोवारसम्वन्धी दुई दिवशीय तालीम कार्यक्रम सम्पन्न भयो । उक्त तालीम कार्यक्रममा राष्ट्रिय वाणिज्य वैंक केन्द्रीय कार्यालय वित्त विभागका प्रमुख नारायण बहादुर अधिकारी ,नेपालगन्ज क्षेत्रका प्रमुख टेकराज जोशी, सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली लगायतका वक्ताले सरकारी कारोवारमा दक्षता अभिवृध्दि सम्वन्धमा मन्तव्य दिनुभएको थियो । राष्ट्रिय वाणिज्य वैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागका लेखा अधिकृत शिवराम पौडेलको संयोजनमा सम्पन्न उक्त तालीम कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेत र नेपालगंजका प्रमुखले समेत सहभागीलाई प्रशिक्षण दिनुभएको थियो ।

साउन २४ **विराटनगर**

राष्ट्रिय वाणिज्य वैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभाग र वित्त विभागको संयुक्त आयोजनामा संचालित दुई दिवशीय सरकारी कारोवारसम्बन्धी तालीम कार्यक्रम हालै सम्पन्न भयो । राष्ट्रिय वाणिज्य बैंक लिमिटेड क्षेत्रीय कार्यालय विराटनगरको संयोजनमा विराटनगरस्थित होटल भिन्तुनामा सम्पन्न उक्त तालीम कार्यक्रमको बैकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा नायव महाप्रवन्धक श्री ज्योतिचन्द्र ओझाले पूर्ण सरकारी हाम्रो बैंकदारा म.ले.नि.का. र नेपाल राष्ट बैंकदारा निर्धारित विधिअनुरूप संचालन हुने



गरेको सरकारी कारोवारले नेपाल सरकारको काममा सहजता आएकोले यस काममा कसैको आंखा लाग्न नहुने विचार राख्नुभयो ।

विराटनगर क्षेत्र अन्तर्गतका सरकारी कारोवार गर्ने १७ शाखा कार्यालयका १९ कर्मचारीको सहभागितामा क्षेत्रीय कार्यालयका प्रमुख सुरेन्द्र कुमार वजिमयोको स्वागत मन्तव्यवाट आरम्भ भएको सो समारोहमा केन्द्रीय कार्यालय वित्त विभागका प्रमुख नारायण बहादुर अधिकारी, सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली, नेपाल राष्ट बैंकका केशव प्रसाद तिम्सिना लगायतका महानुभावले मन्तव्य दिनुभएको थियो ।

सो तालीम कार्यक्रममा नेपाल राष्ट्र बैंकका केशव प्रसाद तिम्सिना, म.ले.नि.का. को तर्फबाट कोष तथा लेखा नियन्त्रकको कार्यालय मोरंगका प्रमुख कोष नियन्त्रक दामोदर सुवेदी, कोष तथा लेखा नियन्त्रकको कार्यालय धनकुटाका प्रमुख कोष नियन्त्रक वावुराम सुवेदी, राष्टिय वाणिज्य बैंक केन्द्रीय कार्यालय वित्त विभागका प्रमुख नारायण बहादुर अधिकारी लेखा




अधिकृत उत्तम ढुंगाना, सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली ,स.ले.अ. अर्जुन दाहाल, ट्रेजरी विभागका ना.मु.अ. शंकर कुमार रायमाझी लगायतका महानुभावले प्रशिक्षण दिनुभएको थियो ।

तालीम तथा विकास विभागका लेखा अधिकृत राजेन्द्र आचार्यको संचालनमा सम्पन्न उक्त तालीम कार्यक्रमको शुभारम्भ समारोहमा नामप्र ज्योतिचन्द्र ओझा, क्षेत्रीय प्रवन्धक सुरेन्द्र कुमार वजिमयो, विभागीय प्रमुखद्वय नारायण वहादुर अधिकारी र कपिलमणि ज्ञवाली र प्रशिक्षार्थीको तर्फबाट शाखा कार्यालय खांदवारीका सहायक चौथो पारस प्रधानांगले मन्तव्य दिनुभएको थियो । सो समारोहमा रावावैंक शाखा कार्यालय विराटनगरका प्रवन्धक उध्दव खनाल, शा.का. देवकोटाचोकका प्रवन्धक विनोदवाबु पन्त,ना.मु.अ. भैरव बहादुर हमाल लगायत केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयका अधिकृतहरूको समुपस्थिति रहेको थियो ।

# बैंकको ५७ लाख ठगी गर्ने प्रयास असफल

राष्ट्रिय बाणिज्य बैंकको शाखा कार्यालय कलैयाबाट मिति २०५८।६।२८ मा ३ वर्षको भाखा राखी ट्रयाक्टर खरिद गर्न रू. ६,२२,९२०।- कर्जा लिने भभिखन साहले बैंकको कर्जा भाखा म्याद भित्र तिरेनन् । बैंकले कर्जाको भाखा नाघेपछि कर्जा असुल उपर गर्न धितोमा रहेको बैंकको नाउँको ट्रयाक्टर कब्जामा लिई असुली कारवाही अघि बढाउने क्रममा ट्रयाक्टर नियन्त्रणमा लिएपछि निज भभिखनले बैंकमा २०६२।८।२३ मा निवेदन दिएर बैंकले ट्रयाक्टर फुकुवा नगरेमा पछि बैंकको कर्जा चूक्ता नगर्ने दावी लिए । तर बैंकले कर्जा चूक्ता गर्ने प्रयोजनको लागि नियन्त्रणमा लिएको ट्रयाक्टर फुकुवा नगरेपछि निज भभिखनले श्री पुनरावेदन अदालत हेटौंडामा बैंकमा मिति २०६१।६।३ गतेको मितिको रू. १२,००,०००।- को किर्ते भौचर पेश गरी बैंकको कर्जा २०६१।६।३ मा नै चूक्ता गरिसकेकोले ट्रयाक्टर फुकुवा पाउनुपर्ने दावी गरेको भएपनि अदालतले निजको रिट खारेज गरिदियो । तत्पश्चात निजले उक्त किर्ते १२ लाखको किर्ते भौचरको आधारमा कर्जा चूक्ता भएको दावी लिई श्री बारा जिल्ला अदालतमा हरहिसाब मुद्धा र बैंकले ट्रयाक्टर कब्जामा लिएवापत क्षतिपूर्ति स्वरूप रू.४५,००,०००। क्षतिपूर्तिको दावी लिई अर्को मुद्दा श्री पुनरावेदन अदालत हेटौंडामा दायर गरे । जिल्ला अदालतले उक्त रू.१२,००,०००।- को किर्ते भौचरको परीक्षण नै नगरी उक्त भौचर बमोजिम बैंकको कर्जा चूक्ता भएको ठहर गरी निजको सुरक्षणमा रहेको ट्रयाक्टर र धितो घरजग्गा समेत फुकुवा गरिदिने फैसला सुनायो । बैंकले उक्त अन्यायपूर्ण फैसला विरूद्ध श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्‍यो । श्री पुनरावेदन अदालतबाट निज भभिखनले पेश गरेको किर्ते भौचर परिक्षण गर्न विधिविज्ञान प्रयोगशालामा पठाई जाँच गर्दा उक्त भौचर किर्ते प्रमाणित भई निजले किर्ते भौचर पेश गरी बैंक ठगी गर्न गरेको प्रयासको पर्दाफास हुन पुग्यो । तत् पश्चात हालै मिति २०६८।१।१२ मा श्री पुनरावेदन अदालत हेटौंडाबाट श्री वारा जिल्ला अदालतले गरेको उक्त फैसला उल्ट्याई निज भभिखनले किर्ते भौचर खडा गरी ठगी गर्ने प्रयास गरे वापत निजलाई रू.२,०६,०००।- जरिवाना सहित बारा जिल्ला अदालतले गरेको फैसला उल्ट्याई दियो र सोही फैसलाको आधारमा निजले बैंकसँग ४५ लाख क्षतीपूर्ति माग गरी दायर गरेको क्षतीपूर्ति मुद्दा समेत दावी पुग्न नसक्ने भनी फैसला गरिदिएको छ । सो मुद्धाहरूमा बैंकको तर्फबाट अधिवक्ताद्वय शिबकुमार अधिकारी र वावुराम खत्रीले वहस पैरवी गर्नुभएको थियो ।

यसरी बैंकबाट रू.६,२२,०००।- कर्जा कारोवार गर्ने निज ऋणी भभिखन साहले बैंकको कर्जा डुवाउने र उल्टै किर्ते भौचर खडा गरी बैंकको रू. ५७ लाख ठगी गर्न गरेको प्रयास न्यायको कठघरामा असफल सावित भएको छ  र उनि दण्ड सजायको भागी भएका छन् ।

*(श्री शिवकुमार अधिकारीको सहयोगमा तयार सामग्री)*

## राष्ट्रिय वाणिज्य वैंक र एमटिए एक्सप्रेस रेमिट बीच सम्झौता



मलेशियामा रहेका नेपालीहरूलाई नेपालमा छिटो छरितो एवं सहज ढंगले मुद्रा स्थानान्तर गर्न सजिलो होस भन्ने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंक लि.र ललितपुर न.पा. ३ झम्सिखेलमा कार्यालय रही मलेशियाका महत्वपूर्ण ६२ स्थानमा कार्यजालो रहेको एमटिए (मर्चेन्ट ट्रेड एशिया ) एक्सप्रेस रेमिटेन्स प्रा.लि.बीच हालै एक करार सम्पन्न भएको छ । सोसम्बन्धी करारनामा पत्रमा राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धक कृष्णप्रसाद शर्मा  र एमटिए एक्सप्रेस रेमिटका महाप्रवन्धक जीवलाल पोखेलले एक समारोहका बीच हस्ताक्षर गर्नुभयो । झण्डै ५ लाखको संख्यामा नेपालीहरू कार्यरत रहेको मलेशियामा कार्यजालो रहेको  एमटिए. एक्सप्रेस रेमिटेन्स र नेपालमा सवैभन्दा ठूलो कार्यजालो र कुनै पनि शाखा पध्दति (एविविएस) संजाल रहेको पूर्ण सरकारी राष्ट्रिय वाणिज्य बैंकबीच भएको रेमिटेन्ससम्बन्धी करारले विदेशमा नेपालीले कठोर मिहिनेत गरी कमाएको रकम वैकिंग माध्यमबाट नेपाल भित्रयाई  यो रकम मलेशियामा कार्यरत नेपालीका नेपालका  सुगम दुर्गम जिल्लामा रहेका आफन्तहरूमाझ छिटो छरितो एवं विश्वसनीय ढंगले पुर्‍याउन उल्लेख्य योगदान पुग्ने अपेक्षा लिईएको छ ।



राष्ट्रिय बाणिज्य बैंकद्वारा केही पहिले लिइएको सह-लेखा अधिकृतको परीक्षा पूर्व सहभागीहरू सिद्धार्थ बनस्थली बालाजुको प्राङ्गणमा

**मा.सं.स्तम्भ**

### विभागीय कारवाही

### मिति ०६७।९।१६ देखि ०६८।४।१६ सम्म टुंगिएको विभागीय कारवाहीको विवरण

| सि.नं | पद र नाम | सम्वन्धित कार्यालय | भएको कारवाही |
|---|---|---|---|
| १ | नगद सहायक डवल बहादुर शाही ( ११३५०) | जुम्ला | एक ग्रेड घटुवा |
| २ | सहायक पांचौ उध्दव कुमार कार्की (१००९२) | ठमेल | नोकरीबाट हटाएको |
| ३ | लेखा अधिकृत सुदिपराज शर्मा (८८१६ ) | ठमेल | नोकरीबाट हटाएको |
| ४ | सहायक चौथो निर्मला पराजुली (४७६४) | अमरसिंहचोक | नोकरीबाट वर्खास्त |
| ५ | सहायक चौथो प्रमिला मधिकर्मी (१०४६१) | धनगढी | नोकरीबाट वर्खास्त |
| ६ | सहायक चौथो रामचन्द्र पराजुली (९२३४ ) | भरतपुर | नोकरीबाट हटाएको |

## समवेदना

यस वैंकको केन्द्रीय कार्यालय आ.ले.प. विभागका ना.मु.अ. तुलसीदास कोईराला (८४७८) का पिता कालीदास कोईरालाको मिति ०६८।४।२७ मा र माता सावित्री कोईरालाको ०६८।५।७ मा, कर्जा विभागका लेखा अधिकृत  राजु तिवारीका पिता देवनिधि तिवारीको मिति ०६८।४।३० मा, वित्त विभागका सहायक पांचौ सविता सुवेदी (७६१८) की माता इन्द्र कुमारी जंगमको मिति ०६८।३।२३ मा, शाखा कार्यालय मुगुका सहायक तेश्रो प्रकाशचन्द्र भाम् (१०९७२) का पिता राज् बहादुर भाम्को ०६८ साउन २७ मा ,शाखा कार्यालय  विर्तामोडका स.ले.अ. निर्मल कुमार प्याकुरयाल (८२८८) कि माता द्रौपदा प्याकुरेलको मिति ०६८।२।११ मा, शाखा कार्यालय देवकोटाचोकका आई.टि.फोकल प्वाईन्ट सहायक चौथो महेश भट्टकी ममतामयी माता लक्ष्मी देवी भट्टको मिति ०६८।४।३ मा, शाखा कार्यालय भैरहवाका स.ले.अ.गोविन्दप्रसाद रेग्मी ( ८२५७ ) की माता मान कुमारी रेग्मी को मिति ०६८।४।२२ मा ,शाखा कार्यालय खांदवारीका प्रवन्धक विनोद पौडेल (११०८४) का पिता खडानन्द पौडेलको मिति ०६८।४।१ मा, शाखा कार्यालय गौशालाका सहायक पांचौ सुरेशप्रसाद दाहाल(५११५) का पिता अयोध्याप्रसाद दाहालको मिति ०६८।२।९ मा, शाखा कार्यालय वानेश्वरका सहायक चौथो मिनप्रसाद पाण्डे (७७४०) का पिता डिल्लिराम पाण्डेको मिति ०६८।१।५ मा र शाखा कार्यालय लालवन्दिका प्रवन्धक दीपक राज न्यौपाने (१११७१) का पिता रामप्रसाद न्यौपानेको मिति ०६८।१।१८मा निधन भएकोले दिवंगत आत्माहरूको चिर शान्तिको कामनासहित शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक**
**परिवार**

यूनियन गतिविधि

# राष्ट्रिय वाणिज्य वैंक कर्मचारी संघको २२ औं वार्षिकोत्सव

साउन ६ काठमाडौं

राष्ट्रिय वाणिज्य वैंक कर्मचारी संघ नेपालको २२ औं वार्षिकोत्सव




रक्तदान , खेलकुद, हाजिरी जवाफ , पुरष्कार वितरण लगायतका सप्ताहव्यापी कार्यक्रमहरू आयोजना गरि भव्यतापूर्वक मनाईयो । रावावैक कमैचारी संघ नेपाल केन्द्रीय समितिको आयोजनामा सम्पन्न विभिन्न कार्यक्रमको केन्द्रीय कार्यालयमा आयोजित विशेषः समारोहका बीच समापन गरियो । पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि श्री पाण्डेले रावावैंकका कर्मचारीले पाउनुपर्ने ,वोनस अख्तियारले रोक्नु उचित नभएको ,कुनै पनि हिसावले वोनस रोक्नु अनुपयुक्त भएको वताउनुभयो । वोनस नदिए बैंक ठप्प पार्ने यूनियनकर्मीको जवाफमा पूर्व अर्थमन्त्री श्री पाण्डेले मानिस ब्रेडले होइन ब्रेनले संचालित हुन्छ भन्ने वी.पी.कोईरालाको भनाई उद्‌घृत गर्दै सबैखाले समस्याहरू संझौताबाट टुंगाउन सकिने विश्वास प्रकट गर्नुभयो । सो अवसरमा श्री पाण्डेले आर्थिक वृद्धि र महंगीको समायोजित आधारमा तलव वृद्धि हुनुपर्ने वताउदै बैंकमा व्यवसायिक योग्य व्यक्तिलाई प्रमुखको रूपमा ल्याउनुपर्ने वताउनुभयो । सो अवसरमा वैंकका अध्यक्ष तथा प्रवन्ध संचालक रामप्रसाद अधिकारीले हालका वर्षहरूमा रावावैंकले मुनाफा आर्जन गर्दै आईरहेकोमा मुनाफा अभिवृध्दिमा आफनो के कति योगदान छ भन्नेवारे सबै कर्मचारीले आत्मसमीक्षा गर्नु पर्ने वताउदै कर्मचारीले नियमानुसार पाउनुपर्ने वोनस सम्बन्धमा आफूले राज्य व्यवस्था समितिमा समेत स्पष्ट ढंगले कुरा राखेको वताउनुभयो ।

आयोजक संघका केन्द्रीय अध्यक्ष नारायणप्रसाद सुवेदीको सभापतित्वमा सम्पन्न उक्त समारोहमा अन्तर बैंक कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष ताराखर अधिकारी,पेशागत महासंघ नेपालका उपाध्यक्ष विश्वनाथ प्याकुरेल नेपाल राष्ट्रिय कर्मचारी सगठन रावावैंक केन्द्रीय समितिका अध्यक्ष अमृत बहादुर अधिकारी नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंकका केन्द्रीय अध्यक्ष जितेन्द्रसिंह थापा लगायतका वक्ताहरूले शुभकामना मन्तव्य दिनुभएको थियो । उक्त समारोहमा राष्ट्रिय वाणिज्य वैंक संचालक समितिका सदस्य शिवादेवी काफले राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धकद्वय कृष्णप्रसाद शर्मा र प्रकाश कुमार ढुंगानाको समुपस्थिति रहेको थियो । आयोजक संघका उपाध्यक्ष खगेन्द्र उप्रेतीको स्वागत मन्तव्यबाट आरम्भ भएको उक्त समारोहमा रावावैक केन्द्रीय कार्यालयका धर्मराज अर्यालले शुभकामना कविता वाचन गर्नुभएको थियो ।

सो समारोहमा पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले संघद्वारा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गर्ने ७६ महानुभावलाई प्रमाणपत्र प्रदान गर्नुभयो । साथै अन्तर बैंक हाजिरी जवाफ प्रतियोगितामा प्रथम द्वीतिय र तृतिय स्थान हासिल गर्ने क्रमश नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक र राष्ट्रिय वाणिज्य बैंकलाई रनिंग शिल्ड तथा नगद र प्रमाणपत्र प्रदान गर्नुभयो भने म्यूजिकल चेयर महिला प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने क्रमश तारा शर्मा प्रमीला आचार्य केशमाया जोशीलाई पुरष्कृत गरियो । यसैगरी एस.एल.सि.मा उत्कृष्ठता हासिल गर्ने कर्मचारीका १० छोराछोरीलाई नगद तथा प्रमाणपत्र प्रदान गरियो भने सांगठनिक गतिविधिमा सिर्जनशीलता एवं सकियता देखाउने स्रघका क्षेत्रीय समितिहरूमध्ये वीरगन्ज क्षेत्रलाई उत्कृष्ट क्षेत्रको घोषणा गरिएको थियो । सो समारोहमा आयोजक संघका १९ आजीवन सदस्यलाई सम्मानित गरिएको थियो ।

# हरितालिका तीज कार्यक्रमको आयोजना

भाद्र ९ काठमाडौं

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य वैंक केन्द्रीय समिति महिला विभागद्वारा हरितालिका तीज ०६८ को उपलक्षमा केन्द्रीय कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गरियो । नारीको अटल शौभाग्यनिम्ति भगवान शिवको आराधना गदै लोकसंगीतको माध्यमद्वारा सुखदुखका भावनाहरू साट्ने परम्परागत हरितालिका तीज पर्वको अवसरमा आयोजित कार्यक्रममा संविधान सभाका सदस्य तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य कमला पन्तले नारीहरू अद्यापी पुरषप्रधान समाजको थिचोमिचोबाट उन्मुक्त हुन नसकेको परिप्रेक्ष्यमा वित्तिय संस्थामा कार्यरत महिलाले नारी मुक्तिको लागि अहम भूमिका निर्वाह गर्नुपर्ने वताउदै तीजजस्तो महान सांस्कृतिक पर्वलाई तडकभडकबाट जोगाई नारी उत्थाननिम्ति सवैलाई प्रेरणादायी पर्वको रूपमा विकास गर्नुपर्ने वताउनुभयो । सो अवसरमा राष्ट्रिय वाणिज्य वैंक संचालक समितिका अध्यक्ष रामप्रसाद अधिकारीले बैंकमा जारी धर्नालाई इंगित गर्दै बैंकमा श्रम शान्ति कायम गर्न सम्वध्द सबैलाई आग्रह गर्नुभयो । आयोजक संघका उपमहासचिव प्रभा जोशीको संचालनमा सम्पन्न उक्त समारोहमा संघका



नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय सदस्य केशमाया जोशी, आयोजक संघका केन्द्रीय अध्यक्ष जितेन्द्रसिंह थापा, महिला विभागका संयोजक ओमहरि गुरागांई, केन्द्रीय सदस्य उषा श्रेष्ठ लगायतका वक्ताहरूले शुभकामना मन्तव्य दिनुभएको थियो । राष्ट्रिय वाणिज्य वैक केन्द्रीय कार्यालय र शाखा कार्यालयमा कार्यरत नारी कर्मचारीको उल्लेख्य सहभागिता रहेको उक्त समारोहमा वैकका नायव महाप्रवन्धकद्वय कृष्णप्रसाद शर्मा र प्रकाश कुमार ढुंगाना, विभागीय प्रमुखहरू नारायण बहादुर अधिकारी,भेषराज पन्थी,रीता ढुंगेल लगायतका महानुभावको समुपस्थिति रहेको थियो ।

# ९८ औं वी.पी.जयन्ती मनाईयो

भाद्र २७ काठमाडौं

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिको आयोजनामा नेपालको प्रजातान्त्रिक आन्दोलनका अग्रणी , पूर्व प्रधानमन्त्री तथा विशिष्ट साहित्यकार स्व. विश्वेश्वरप्रसाद कोईरालाको ९८ औ जन्म जयन्ती "वी.पी.कोईरालाको वहुआयामिक व्यक्तित्व" विषयक विचार गोष्ठीको आयोजना गरि मनाईयो । आयोजक संघका केन्द्रीय अध्यक्ष जितेन्द्रसिंह थापाको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा पूर्व अर्थमन्त्री रामशरण महत, चन्द्र भण्डारी, गगन थापा,डा.तुलसी भट्टराई ,पुरषोत्तम दाहाल लगायतका वक्ताले वी.पीं. को व्यक्तित्ववारे मन्तव्य दिनुभएको थियो । आयोजक संघका महासचिव दिनेश विक्रम थापाको संचालन र व्यवस्थापन समितिका उध्दव प्रसाद गौतमको स्वागत मन्तव्यबाट आरम्भ भएको सो समारोहमा राष्ट्रिय वाणिज्य वैंकका नायव महाप्रवन्धक प्रकाश कुमार ढुंगाना ,राष्ट्रिय वाणिज्य वैक कर्मचारी संघ नेपाल केन्द्रीय समितिका महासचिव वेद लावती, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंक केन्द्रीय समितिका अध्यक्ष अमृत अधिकारी लगायत विभिन्न संघका पदाधिकारीहरूको समुपस्थिति रहेको थियो । उक्त समारोहमा कविद्वय ज्ञानुवाकर पौडेल र मुकुन्द अर्यालले कविता वाचन गर्नुभएको थियो । सो अवसरमा एस.एल.सि.मा उत्कृष्टता हासिल गर्ने राष्ट्रिय वाणिज्य वैकमा कार्यरत कर्मचारीका छोराछोरीलाई छात्रवृत्ति समेत प्रदान गरिएको थियो ।

## रावावैकका १२६...

रहेकोले शाखा तथा एविविएस संजाल दुबैको आधारमा राष्ट्रिय वाणिज्य बैंक प्रथम स्थानमा रहेको छ।

**विज्ञापन र यथार्थ**




नेपाल बैंक लिमिटेडद्वारा काठमाडौ तीनकुनेमा होर्डिंग बोर्डमा एविविएस सम्वन्धी विज्ञापन राखिएको छ। यस विज्ञापन सामग्रिमा १११ शाखामा एविविएस सेवा उपलव्ध गराएको वताउँदै नेपालमा सवैभन्दा ठूलो एविविएस संजाल भएको बैक नेपाल बैंक लि. भन्ने झुठो दावी गरिएको छ।

## Bankassurance सम्वन्धी गोष्ठी आयोजना

राष्ट्रिय वाणिज्य बैंक र प्राईम लाईफ इन्स्योरेन्सबीच राष्ट्रिय वाणिज्य बैंकका ग्राहकलाई जीवन वीमा पोलिसि विक्रीसम्वन्धमा सहकार्य निम्ति एक संझौता सम्पन्न भएको छ। सो सम्वन्धी संझौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष तथा प्रवन्ध संचालक रामप्रसाद अधिकारी र प्राईम लाईफ इन्स्योरेन्स कम्पनी लि.का प्रमुख कार्यकारी अधिकृत रेस्ता झाले हस्ताक्षर गर्नुभयो।



यसै सन्दर्भमा उक्त संझौताका अन्तरवस्तु र व्यवहारिक कार्यान्वयनवारे जानकारी विनिमय गर्ने उध्देश्यले काठमाडौं उपत्यकास्थित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालयबाट प्रतिनिधित्व गर्ने प्रवन्धक तथा सहायक प्रवन्धक तथा प्राइम लाइफका क्षेत्रीय प्रवन्धकको सहभागितामा एक गोष्ठीको आयोजना गरियो । सो समारोहमा रावावैंकका नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले रावावैंकको गैह्र कोषगत व्यवसाय विस्तार निम्ति नयां क्षेत्र खोज्ने क्रममा आरम्भ गरिएको वीमा पोलिसि विक्रीसम्वन्धी यस व्यवसायवाट बैंक वीमा कम्पनी र ग्राहक तीनै पक्ष लाभान्वित हुने अपेक्षा प्रकट गर्नुभयो।

सो गोष्ठीमा प्राईम लाईफका नविन थापा र कवि फुयालले नेपालमा जारी वीमा व्यवसाय र संभावनाबारे मन्तव्य दिनुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागका लेखा अधिकृत शिवराम पौडेलको संचालनमा सम्पन्न उक्त गोष्ठीमा सोही विभागका उपप्रमुख मित्रलाल पंज्ञानीको उपस्थिती थियो।

### संक्षिप्त समाचार

**शाखा कार्यालय सूर्यविनायक**

०६८ असारमा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सूर्यविनायकको भाखा नाघेको कर्जा (एन.पि.ए.) शून्य प्रतिशत रहेको छ।

**शाखा कार्यालय नक्शाल**

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय नक्शालका सहायक पांचौ मदन विक्रम शाहको ०६८ भाद्र २१ गते असामयिक निधन भयो। अविवाहित शाह ४८ वर्षको हुनुहुन्थ्यो।

## रावावैंकद्वारा तीजको अवसरमा महिलालाई उपहार प्रदान

**भाद्र ९ सूर्यविनायक**

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सुर्यविनायकद्धारा नेपाली नारीको महान चाड तीजको अवसरमा महिलालाई एक विशेष कार्यक्रमका बीच उपहार प्रदान गरियो। बैंकमा महालक्ष्मी वचत खाता खोल्ने नारी ग्राहकलाई लक्षित गरि बैंकले ल्याएको प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत सहभागी ७१ महिलालाई रावावैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले उपहार प्रदान



गर्नुभयो । सो अवसरमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले नेपालको बैकिंग वजारमा आधुनिक बैकिंग सेवा पुरयाईरहेको १२६ शाखाबाट कुनै पनि शाखा कारोवार गर्न सकिने पूर्ण सरकारी स्वामित्वमा संचालित राष्ट्रिय वाणिज्य बैंकसंग कारोवार गरी लाभान्वित हुन आग्रह गर्दै राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट सम्पूर्ण नारीवर्गमा शुभकामना प्रकट गर्नुभयो। यसैगरी राष्ट्रिय वाणिज्य वैक समाचारका प्रधान सम्पादक मुकुन्द अर्यालले वचत आर्थिक विकासको महत्वपूर्ण आधार भएको वताउँदै स्वयम वचत गर्ने र घरपरिवारमा वचत निम्ति उत्प्रेरित गर्ने महिलाहरू बैककै जननी भएको वताउनुभयो । यसैगरी शाखा कार्यालय सूर्यविनायकका प्रवन्धक लक्ष्मीश्वर देवकोटाले राष्ट्रिय वाणिज्य बैंक पूर्ण सरकारी बैंक भएकोले यसमा राखिएको निक्षेप पूर्णत सुरक्षित रहने र विभिन्न वालवालिका ,नारी तथा युवावर्गलाई लक्षित गरि ल्याईएका वचत कार्यक्रमहरूमा आकर्षक



प्रतिफल दिईने तथा कर्जासमेत तुलनात्मक रूपमा कम व्याजदरमा प्रदान गरिने हुंदा राष्ट्रिय वाणिज्य वैंकसंग कारोवार गर्न सवैलाई आग्रह गर्नुभयो। सो अवसरमा उपहार प्रापक महिलाहरूको तर्फबाट ग्राहक भवानी लोहनीले तीजको अवसरमा उपहार प्रदान गरी नारीलाई सम्मानित गरेकोमा बैकप्रति आभार तथा धन्यवाद ज्ञापन गर्दै ग्राहकको आर्थिक सामाजिक हीत वढाउने अन्य थप कदमहरू समेत चाल्न राष्ट्रिय वाणिज्य बैंकसंग आग्रह गर्नुभयो। राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सूर्यविनायकका सह लेखा अधिकृत राजेश बहादुर श्रेष्ठको संचालनमा सम्पन्न उक्त समारोहमा केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका राजेन्द्र कार्की , आयोजक शाखाका सहायक प्रवन्धक प्रकाश के.सि. र कर्मचारीहरूका साथै त्यस क्षेत्रका महिलाको उल्लेख्य उपस्थिति रहेको थियो। स्मरण रहोस, रावावैंक शाखा कार्यालय सूर्यविनायकले महालक्ष्मी वचत खाता अन्तर्गत ७२ ग्राहकबाट ६७ लाख बरावरको वचत निक्षेप संकलन गरेको छ।

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Shiba Devi Kafle, Advisor : DGM K.P. Sharma, Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Public Printing Press Pvt. Ltd., Kathmandu